म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २९ सोमबार ११ भदौ २०८० ने. सं. ११४३ गुलाथ्व 28 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा थपिए २३ जना डेंगू संक्रमित

हेटौंडा, १० भदौ/मकवानपुरमा २३ जना डेंगू संक्रमित थपिएका छन् । जिल्लामा पछिल्लो २४ घण्टामा गरिएको परीक्षणमा उनीहरुमा डेंगू संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । आइतबार सबैभन्दा धेरै हेटौंडा उपमहानगरपालिकामा डेंगू संक्रमित थपिएका छन् । यहाँ १५ जनामा डेंगू संक्रमण पुष्टि भएको हो । यसैगरी, मकवानपुरगढी गाउँपालिका र बागमती गाउँपालिकाका ४/४ जनामा डेंगू संक्रमण पुष्टि भएको हो । स्वास्थ्य कार्यालयका अनुसार, थपिएसँगै जिल्लामा डेंगू संक्रमितको कूल संख्या २७१ पुगेको छ । यो तथ्यांक साउन १ गतेदेखिको हो । यस्तै, जिल्लामा डेंगू संक्रमणका कारण साउन १ गतेदेखि हालसम्म एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडाका एकजना पुरुष रहेका छन् ।

### हेटौंडामा चल्ने तीन पाङ्ग्रे सवारीको नवीकरण सुरु

# ५१ वटाको नवीकरण, स्वरुप फेरिएका तीनसय बढी फर्किए

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ बागमती प्रदेशको राजधानी हेटौंडामा तीन पाङ्ग्रे सवारीको व्यवस्थापनमा हेटौंडा उपमहानगरपालिकाद्वारा लागू गरिएको स्टीकर प्रणालीलाई व्यवस्थित बनाउन आइतबारदेखि नवीकरण कार्य सुरु गरिएको छ । आइतबार नवीकरण गर्न आएका तीन पाङ्ग्रेमध्ये ५१ वटाको मात्र नवीकरण भएको छ ।

स्वरुप परिवर्तन (मोडिफाई) गरी दुर्घटना बढाउने सम्भावना भएका तीनसय भन्दा बढी नवीकरण गरिएको स्टिकर टाँस्न आएका तीन पाङ्ग्रे सवारीहरुलाई फिर्ता गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी निरीक्षक बसन्त आचार्यले बताए । 'स्वरुप परिवर्तन गरिएका र सवारी ठीक हालतमा नभएका तीन सय बढी तीन पाङ्ग्रेलाई बनाएर ल्याउन पठाइएको छ', प्रहरी निरीक्षक आचार्यले सुधार भएर आएपछि नवीकरण गरेर स्टिकर टाँसिने बताए ।

प्रहरी निरीक्षक आचार्यका अनुसार नवीकरण गर्न आएका अटोहरुको हेडलाइट, ब्याकलाइट र साइड लाइट नबल्ने, अनावश्यक स्टिकर टाँसेर सिसामा दृष्टि समस्या भएको, अटोका ब्याक स्क्रिन छोपिएको, लुकिङ ग्लास थपिएको र समाजमा नकारात्मक सन्देश फैलिने कुराहरु लेखिएको तीन पाङ्ग्रेलाई नवीकरण नगरी फर्काइएको हो ।

हेटौंडा क्षेत्रमा चल्ने अनुमति पाएका भन्दा धेरै अन्यत्र जिल्लाबाट समेत तीन पाङ्ग्रे सवारीहरु भित्रिएपछि उपमहानगर पालिकाले संख्या नियन्त्रण गर्न गतवर्षदेखि स्टिकर प्रणाली लागू गरेको थियो । २०७६ साल पुस ७ भित्र हेटौंडा उपमहानगरभित्र चल्ने रुट इजाजत प्राप्त अटो र ई-रिक्सालाई मात्र गतवर्ष हरियो स्टिकर वितरण गरिएको थियो । 'हरियो स्टिकर वितरणपश्चात् संख्या ह्वात्तै घटेको र व्यवस्थापन सहज भएको हेटौंडा उपमहानगरपालिका तीन पाङ्ग्रे स्टिकर व्यवस्थापन समिति संयोजक तथा नगरका प्रवक्ता सविन न्यौपानेले बताए ।

'अझै केही संख्यामा अनधिकृतरुपमा भित्रिएको सूचना पाएका छौं', संयोजक न्यौपानेले त्यसको नियन्त्रण र गतवर्ष स्टिकर टाँसिएकालाई नवीकरण गरेर सवारीको हालत दुरुस्त पार्न खोजिएको बताए । उनका अनुसार २०७६ साल पुस ७ भित्र भित्रिएका र पुरानै रुट इजाजत भएकालाई मात्र पहिलो चरणमा चेकजाँच गरी नवीकर गरी पहेँलो स्टिकर वितरण गरिएको छ । सोही मितिमा भित्रिएर प्रतिलिपि रुट इजाजत लिएकाहरुको हकमा दोस्रो चरण र गतवर्ष सबै प्रक्रिया पुगेर पनि विविध कारणले छुटेकाहरुलाई तेस्रो चरणमा स्टिकर वितरण गरिने संयोजक न्यौपानेले बताए ।

नविकरण कार्यक्रम सुरु गर्दै हेटौंडा उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामाले हेटौंडा बजारलाई तीन पाङ्ग्रे सवारीको संख्या बृद्धिबाट हुनसक्ने समस्या समाधान गर्दै गरिखाने वातावरण सिर्जना गर्न उपमहानगर लागिपरेको बताइन् । उनले मापदण्ड पुगेका तीन पाङ्ग्रेबाहेक अन्यलाई हेटौंडामा चल्न अब पूर्णरुपमा रोकिने बताइन् । 'अब थप सवारी भित्र्याउन नसक्ने अवस्था सिर्जना भइसकेको छ, भएकोलाई व्यवस्थित बनाएर चलाउन उपमहानगर तयार छ', प्रमुख लामाले अब भाडा समायोजन र रुट व्यवस्थापनमा उपमहानगर लाग्ने बताइन् ।


**राम्ररी चलाउनु:** नवीकरण गरिएको स्टिकर टाँस्दै हेटौंडा उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामा र सहभागीहरु ।

## किर्ते गर्न खोज्ने चालक र साहु पक्राउ

हेटौंडा, १० भदौ/ हेटौंडा उपमहानगरपालिकाले तीन पाङ्ग्रे सवारीसाधनको नवीकरण खुलाएसँगै ई-रिक्सा (मयुरी) को च्यासिस नम्बर र नम्बर प्लेट किर्ते गर्ने ७ जना आइतबार पक्राउ परेका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले आइतबार हेटौंडाबाट मयुरीको च्यासिस नम्बर र मयुरीको नम्बर प्लेट किर्ते गर्नेलाई नियन्त्रणमा लिएको हो । प्रहरीले मयुरी चालक २ जना, मयुरी धनी (साहु) ३ जना र मयुरीको च्यासिस नम्बर र नम्बर प्लेट परिवर्तन गर्न सहयोग पुऱ्याउने वर्कसपका दुई जनालाई नियन्त्रणमा लिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी निरीक्षक बसन्त आचार्यले जानकारी दिए । प्रहरीले पक्राउ परेका ७ जनाको नाम खुलाएको छैन ।

'अनुसन्धानमै भएकाले अहिले नै नाम खुलाउन सकिएन । अरु पनि पक्राउ पर्दैछन् । पक्राउ परेकाहरुलाई कुन मुद्दा चलाउने भनेर कानुनी परामर्श भइरहेकाले अहिले नै नाम सार्वजनिक नगरेको हो', प्रनि आचार्यले भने । मयुरी सञ्चालकहरुले पुरानो र चल्ने अवस्थामा नभएका मयुरीहरुको च्यासिस नम्बर र नम्बर प्लेट नयाँमा परिवर्तन गरेको अनुसन्धानबाट खुलेको छ । प्रहरीले हेटौंडा-४, हुप्रचौरस्थित एक वर्कसपबाट च्यासिस नम्बर परिवर्तन गरिरहेको अवस्थामा मयुरी नियन्त्रणमा लिएको हो ।

हेटौंडा उपमहानगर भित्र सञ्चालन गर्न हरियो स्टिकर अनिवार्य छ । उपमहानगर पालिकाले ७ पुस २०७६ अगाडिका मयुरीलाई मात्र सञ्चालन गर्न अनुमति दिएको थियो । तसर्थ, पुराना मयुरीहरुको च्यासिस नम्बर र नम्बर प्लेट परिवर्तन गरी नयाँमा हालिएको थियो । पक्राउ परेका मयुरी चालक, मयुरी सञ्चालक र वर्कसपका दुई जनालाई जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतमा राखिएको छ । 'यस विषयमा प्रहरी गहिरो अनुसन्धानमा रहेको छ', निरीक्षक आचार्यले किर्तेमा संलग्न वर्कसपहरुलाई हदैसम्मको कारबाही गरिने स्पष्ट पारे ।

# दीपक सिंह विकास समिति सभापतिको उम्मेदवार

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ राष्ट्रिय प्रजातन्त्र पाटीले भागबण्डामा पूर्वाधार विकास समिति पाएसँगै सभापतिमा मकवानपुरका सांसद दीपक सिंहले उम्मेदवारी दिएका छन् ।

प्रतिनिधिसभाको विषयगत समितिका सभापतिमा सांसदहरुले आइतबार उम्मेदवारी दिएका हुन् । समिति सभापति चयनका लागि आज सोमबार निर्वाचन हुँदैछ । समिति सभापति दलहरुबीच भगबण्डा लगाइएको थियो । नेकपा माओवादी केन्द्रले पाएको पूर्वाधार विकास समिति राप्रपाले लिने सहमति बालुवाटारमा बनेपछि दीपक सिंहले आइतबार नै उम्मेदवारी दर्ता गराएका हुन् । राप्रपालाई समिति सभापति दिने क्रममा कोशी प्रदेश सरकार गठनका विषयमा समेत सहमति बनेको चर्चा ।


कोशी प्रदेशमा सभामुख राप्रपाले लिने, सरकारलाई समर्थन गर्ने सहमति भएपछि पूर्वाधार विकास समिति माओवादीले दिएको चर्चा छ । राप्रपाले एउटा समिति पाएपछि अध्यक्ष राजेन्द्र लिङ्देनले सिंहलाई सभापतिको उम्मेदवारी दिन लगाएका हुन् । सांसद सिंहले समिति सभापतिको बदला कोशी प्रदेशमा सत्ता गठबन्धनलाई सघाउने सौदाबाजी नभएको दाबी गरे । आइतबार पूर्वाधार विकास समितिको सभापतिमा उम्मेदवारी दिएसँगै उनले यस्तो धारणा व्यक्त गरे । उनले आफ्नो पाटीका अध्यक्ष लिङ्देन अहिले विदेशमा रहेको र आएपछि मात्रै यसबारेमा छलफल हुने बताए ।

उनले अहिले भने सत्ता गठबन्धनसँग कुनैपनि सौदाबाजी नभएको दाबी गरे । सिंहले राष्ट्रिय स्वतन्त्र पाटीलाई समिति सभापतिमा नसमेटेकोप्रति असन्तुष्टि जनाए । यसअघि माओवादी केन्द्रले पूर्वाधार विकास समितिको सभापतिका लागि सांसद माधव सापकोटालाई उम्मेदवार बनाउने निर्णय गरेको थियो । तर, माओवादी केन्द्र राप्रपालाई छोड्न सहमत भएपछि सापकोटा ब्याक हुने भएका थिए । राप्रपाले विकास समितिको सभापतिमा सिंहलाई उम्मेदवार बनाउने निर्णय पनि गरेको छ । राप्रपाका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले विकास समितिको नेतृत्व राप्रपाले पाउने र सभापतिमा सिंहलाई उम्मेदवार बनाउने निर्णय भएको बताए ।

संसद्का १० वटा विषयगत समितिका सभापतिमा सांसदहरुले उम्मेदवारी दिएका हुन् । जसअनुसार नेपाली कांग्रेसका सांसद आरजु राणा र रामहरि खतिवडाले क्रमश: कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति र तथा सुशासन समितिको सभापतिमा उम्मेदवारी दर्ता गरे । कांग्रेसकै सन्तोष चालिसेले अर्थ समितिको सभापतिमा उम्मेदवारी दर्ता गरे । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सांसद ऋषिकेश पोखरेलले सार्वजनिक लेखा समितिको सभापतिमा उम्मेदवारी दर्ता गरेका छन् । एमालेकै किरणकुमार साहले महिला तथा सामाजिक मामिला समितिमा उम्मेदवारी दिए ।

साथै, सत्तारुढ दल माओवादी केन्द्रका सांसद विमला सुवेदीले कानुन न्याय तथा मानवअधिकार समिति, जसपाका सांसद राजकिशोर यादवले अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिमा, एकीकृत समाजवादीका भानुभक्त जोशीले शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा र जनमत पाटीका अब्दुल खानले उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा आफ्नो उम्मेदवारी दर्ता गरेका छन् । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा रास्वपाका सांसद गणेश पराजुलीले पनि उम्मेदवारी दर्ता गरेका छन् ।

प्रतिनिधिसभाको निर्वाचन भएको ९ महिनापछि मात्र संसदीय समितिको नेतृत्व चयन प्रक्रिया अघि बढेको हो । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सभामुखले १० वटै विषयगत समिति सभापतिको निर्वाचन सोमबार दिउँसो ३ बजेका लागि निर्धारण गरेको घोषणा अनुरुप निर्वाचन प्रक्रिया अघि बढेको हो ।



**सभापतिले कस्तो सुविधा पाउँछन् ?**

संसदीय समितिहरुले कानून निर्माणका साथसाथै सरकारका काम कारबाहीको निगरानी गर्ने गर्छन् । प्रधानमन्त्रीदेखि मन्त्रीहरुलाई डाकेर समितिहरुले प्रष्टीकरण लिन पाउँछन भने सरकारको कामको निगरानी गर्ने गर्छन् ।

संसदीय समितिका सभापतिले राज्यमन्त्रीसरह तलब सुविधा पाउँछन् । समिति सभापतिले मासिक ६९ हजार ३० रुपैयाँ तलब पाउँछन भने २५ हजार ६ सय ५८ रुपैयाँ घरभाडा प्राप्त गर्छन् । काठमाडौं उपत्यकामा घर भएका समिति सभापतिहरुले भने त्यसको आधा रकम घर मर्मतका लागि पाउँछन् । त्यस्तै धारा बिजुलीका लागि २ हजार र सञ्चार सुविधाका लागि ३ हजार सुविधा पाउँछन् । त्यस्तै अतिथि सत्कारका लागि १ हजार रुपैयाँ पाउँछन् ।

समितिका सभापतिलाई सचिवालय सुविधादेखि गाडी, तेल सुविधा संसद सचिवालयले प्रदान गर्छ । समिति सभापतिले उपसचिव तहको कर्मचारी, कम्प्युटर अपरेटर राख्न पाउँछन् । त्यस्तै, दुईवटा ड्राइभर, दुईवटा कार्यालय सहयोगी राख्न पाउँछन् । गार्डघरको सुविधासमेत पाउँछन् । त्यसैले संसदीय समितिको सभापति बन्न पूर्वमन्त्रीहरु समेत तयार हुने गरेका छन् । विगतमा समितिका सभापतिलाई गृह मन्त्रालयले व्यक्तिगत सुरक्षाकर्मी समेत उपलब्ध गराएको थियो ।

## सूचना ! सूचना ! सूचना !

यही आउने भदौ १६ गते काठमाडौं शहिद गंगालाल हृदय केन्द्र काठमाडौंबाट बरिष्ठ मुटु रोग विशेषज्ञ डा. विवेक बानियाँ आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप (High Blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नुहोला ।

**हाम्रो सेवाहरू :**

- ☞ ECHO मुटुको भिडिओ एक्स-रे सेवा
- ☞ E.C.G. भिडिओ एक्स-रे सेवा
- ☞ प्याथोलोजी सेवा
- ☞ फिजियो थेरापी सेवा
- ☞ दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- ☞ छाला तथा यौन रोग विशेषज्ञ सेवा
- ☞ स्त्री तथा प्रसुती सम्बन्धी सेवा
- ☞ नाक, कान तथा घाँटी रोग सम्बन्धी सेवा

**सम्पर्क :**

**मकवानपुर पोलिक्लिनिक**

हेटौंडा-०१, भिन्तुनापथ

(सञ्चो हस्पिटल अगाडि, मकवानपुर सहकारी हस्पिटल सँगै)

सम्पर्क नं. : ०५७-५२५६०१, ९८४५२३७६११, ९८०७१३१३६४




## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- ☞ कार वास भित्र/बाहिर
- ☞ वायरिङ मर्मत
- ☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
- ☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- ☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- ☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- ☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# पर्यटन दशकको बिषयमा जानकारी छ ?

केही दिनअघि करिव ७ सय बंगलादेशी पर्यटक नेपाल आए । बंगलादेशी पर्यटकलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल ओर्लिंदा नेपाल पर्यटन बोर्ड र पर्यटन व्यवसायीले भव्य स्वागत गरे । नेपालको पर्यटनको ईतिहासमै यति ठूलो समूहमा पर्यटक भित्रिएको यो पहिलो भएको बताइएको छ । नेपाल सरकार र पर्यटन ब्यवसायीले रणनीतिक योजना बनाएर अघि बढ्ने हो भने हामीसँग प्रचुर सम्भावना छ भन्ने कुराको संकेत पनि हो पछिल्लो पटकको बंगलादेशी पर्यटकको आगमन । नेपालमा पर्यटन क्षेत्र सुधार गर्ने भनेको पूर्वाधारमा नै हो । पर्यटकका लागि आवश्यक पर्ने पूर्वाधारमा थोरै ध्यान दिने हो भने नेपालको प्राकृतिक सौन्दर्यले पर्यटक आकर्षित गर्नेछ । नेपाल प्राकृतिक संग्रहालय हो । हिमाल, पहाड, तराई, वनजंगल, जीवजन्तु, पंक्षी, बिभन्न समुदायका मौलिक संस्कृतिको अध्ययन गर्नेहरुका लागि नेपाल उपयुक्त संग्रहालय हो । उच्चहिमाली क्षेत्रको रोमाञ्चक पदयात्रा, हिमशिखरहरुको दृष्यावलोकनका लागि नेपाल उपयुक्त गन्तब्य हो । रोमाञ्चक पदयात्राका लागि उपयुक्त मानिने थाराङ-ला पास, लार्के-ला पास, मेरापिक, कञ्चनजंघा सर्किट जस्ता अत्यन्तै उपयोगी पदमार्ग पछिल्लो दिनमा मासिँदै गएको छ । दुईदसक अघिसम्म २२ दिन लगाएर पार गरिने थाराङ-ला पास हिजोआज पर्यटकले १० दिनमा पार गरिरहेका छन् । यसो हुँदा पर्यटकको बसाई छोट्टिँदै गएको देखिन्छ । पदमार्ग मासेर सवारी साधन चल्ने सडक खनेका कारण पदमार्ग मासिँदै गएको हो ।

सरकारले यो बिषयमा ध्यान दिनु जरुरी छ । वार्षिक करिब ३५ लाख पर्यटकलाई सेवा दिनसक्ने क्षमता होटल ब्यवसायीसँग छ तर, सोअनुसारको पर्यटक आगमन बढेको छैन । हवाईमार्गबाट नेपाल आउने पर्यटकलाई विमानस्थलमा गरिने सत्कार अत्यन्तै कमजोर रहेको छ । नेपालको अन्तराष्ट्रिय बिमानस्थलको ब्यवहारले पर्यटक दोहोर्‍याएर नेपाल नआउने अवस्था छ । यसलाई सुधार गर्न सकिएन भने नेपालमा पर्यटक बढ्ने सम्भावना रहँदैन । बिमानस्थल भित्र र बाहिर गरिने आतिथ्य वा स्वागतयोग्य ब्यवहारले पनि पर्यटकलाई आकर्षित गर्न सक्छ । पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राख्नुपर्छ भनेर सबैले भाषण गर्ने गरेका छन् तर, हामीसँग भएका कमीकमजोरी पत्ता लगाएर सुधार गर्ने हिम्मत कसैले पनि गर्न सकेको जस्तो देखिँदैन । तत्कालीन पर्यटनमन्त्री जीवनराम श्रेष्ठले पर्यटन दशकको रुपमा सन् २०२३/२०३२ लाई घोषणा गरे । तर, अहिलेसम्म यो बिषयमा सरकार र निजी क्षेत्रका ब्यवसायीको बीचमा सम्बाद, सहकार्य, योजना निर्माण, प्रचारप्रसार आदि काम हुन सकेको छैन । यो पर्यटन दसकको बारेमा धेरैलाई जानकारी नै छैन ।

बागमती प्रदेश सरकारले पनि पर्यटनलाई खासै महत्व दिएको जस्तो लाग्दैन । पदयात्रा, जलयात्रा, हिमाल आरोहण, हिमश्रृंखलाको दृष्यावलोकन गर्न आउने पर्यटकका लागि आकर्षक प्याकेजहरु प्रदेश सरकारसँग छैन । यस्ता प्याकेज संघीय सरकारसँग पनि छैन । बिदा मनाउने, घुमफिर गर्ने र प्रकृतिको अध्ययन गर्न आउने पर्यटकलाई फरकफरक खालका प्याकेज बनाउनु जरुरी छ । सडकमार्ग भएर आउने भारतीय पर्यटकले नेपाललाई खासै फाइदा दिएको छैन । किनभने उनीहरुले पकाउने ईन्धनदेखि खानेकुरा सबै उतैबाट बोकेर आउँछन् र नेपाल घुमेर फर्कन्छन् । नेपालमा खासै खर्च गर्ने गरेको देखिँदैन । त्यसैले नेपालले तेस्रो मुलुकको पर्यटकलाई आकर्षित गर्ने खालका प्याकेज बनाएर त्यसको मार्केटिङ गर्न सक्नुपर्छ । नेपालको पर्यटन ब्यवसायको प्रबर्द्धन गर्न आन्तरिक पर्यटकलाई पनि बिशेष प्याकेज दिनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ १२ गते मंगलबार २९ अगष्ट २०२३ । त्रयोदशी, श्रावण कृष्णपक्ष । गुलात्थ्व ११४३ ने.सं. । सूर्योदय ५:४१, सूर्यास्त ६:२७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मन प्रसन्न रहनेछ | तुला | : परिवारमा सुखद माहौल रहनेछ |
| वृष | : विरोधी परास्त हुनेछन् | वृश्चिक | : स्थिति अनुकूल बन्नेछ |
| मिथुन | : व्यापारमा लाभ हुनसक्नेछ | धनु | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| कर्कट | : काममा सफलता मिल्नेछ | मकर | : अहंकारको भावले काम विगार्नेछ |
| सिंह | : अधुरा कामहरु पूरा हुनेछ | कुम्भ | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| कन्या | : स्वास्थ्यको समस्या आउनेछ | मीन | : व्यापार राम्रो चल्नेछ |

# भारतको प्रगति, सार्कको दुर्गति र साँघुरिँदै नेपालका सम्भावना



✍ डम्बर खतिवडा

भारतप्रतिका हाम्रा बुझाइ, धारणा र आग्रह-पूर्वाग्रह आफ्नो ठाउँमा होलान् । सबैलाई थाहा भएकै हो- भारतसँग नेपालका दशकौं लामा गुनासा, माग र कतिपय नीतिगत असहमति तथा भावनात्मक असन्तुष्टि छन् । भारतीय राजनीतिको आन्तरिक पाटो, विचारधाराको प्रश्न र दलीय दाबी आफ्नो ठाउँमा हुने नै भए । यदि एकक्षण यो पक्षलाई छोडेर हेर्ने हो भने, विश्व-राजनीति र अर्थतन्त्रमा भारतले केही वर्षयता ७ वटा आश्चर्यजनक उपलब्धि हासिल गरेको छ । भनौं एक प्रकारले विश्व कीर्तिमान नै बनाएको छ ।

एक- भारत सन् २०२१ को अन्तिम त्रैमासिकदेखि बेलायतलाई उछिन्दै अमेरिका, चीन, जापान र जर्मनीपछिको पाँचौं ठूलो अर्थतन्त्र बनेको अन्तर्राष्ट्रिय मुद्राकोषले स्वीकार गर्‍यो । यी पाँच देशको अर्थतन्त्रको आकार हेर्दा जापान र जर्मनीलाई भारतले आउँदा पाँच वर्षभित्रै उछिनेर विश्वको तेस्रो ठूलो अर्थतन्त्र हुने सम्भावना तीव्र छ ।

सन् २०२२ मा भारतीय अर्थतन्त्रको आकार ३.५३ ट्रिलियन डलरको भयो । भारतभन्दा अघि भएका अमेरिका २५.३५, चीन १९.९१, जापान ४.९१ र जर्मनी ४.३६ ट्रिलियन डलरको छ । यसले के देखाउँछ भने अमेरिका र चीनलाई तत्काल भेट्न नसके पनि जर्मन र जापानसँग भारतीय अर्थतन्त्रको आकारको दूरी खासै फराकिलो छैन ।

दुई- भारत चीनलाई उछिन्दै संसार कै सबैभन्दा धेरै जनसङ्ख्या भएको देश भएको छ । यद्यपि जनसङ्ख्या धेरै हुनु अवसर हो कि चुनौती भन्ने बहस हुनसक्ला । तर, जनसङ्ख्या धेरै हुनु भनेको आर्थिक दृष्टिकोणले श्रमयोग्य जनशक्ति धेरै हुनु, उपभोक्ता धेरै र बजार ठूलो हुनु पनि हो । यो अवसर अब चीनबाट उम्किएर भारतको हातमा पुगेको छ ।

सन् २०१६ जनवरी १ मा एक बच्चा नीति हटाउनु अघि चीनले ३५ वर्ष यो नीतिको अभ्यास गर्‍यो । त्यसको प्रभाव भनौं वा दुष्प्रभाव सन् २०२२ मा चीनको जनसङ्ख्या ६० वर्षपछि पहिलो पटक संकुचन भयो । पहिलो सबैभन्दा धेरै जनसङ्ख्या भएको देशबाट चीन दोस्रो स्थानमा खुम्चियो । सन् २०२२ मा चीनको जनसङ्ख्या ८ लाख ५० हजारले घट्यो । करिब १ अर्ब ४१ करोड २६ लाखबाट घटेर करिब १ अर्ब ४१ करोड १८ लाख भयो । अर्कोतिर भारतको जनसङ्ख्या करिब १ अर्ब ४३ करोड पुगेको छ । यो अमेरिका र युरोपको जम्मा जनसङ्ख्या भन्दा एक्लै दोब्बर हो । अमेरिका र युरोपको जनसङ्ख्या क्रमश: ३३ करोड ४० लाख र ४४ करोड ४७ लाख छ ।

तेस्रो हो- उच्च आर्थिक वृद्धिदर र मध्यम वर्गको आकार । विश्वका ५ वटै ठूला अर्थतन्त्रमध्ये विगत दशकको औसत आर्थिक वृद्धिदरमा चीनपछि दोस्रो स्थानमा भारत छ । सन् २०१२ देखि २०२२ बीच चीनको औसत आर्थिक वृद्धिदर ८.८३ प्रतिशत हुँदा भारतको ६.७९ प्रतिशत रफयो, जबकि अमेरिकाको ४.५५ प्रतिशत, जर्मनीको १.९ प्रतिशत र जापानको माइनस २.४२ प्रतिशत रफयो । वार्षिक वृद्धिदर मा हेर्ने हो भने भारत चीनभन्दा पनि अगाडि पुगेको छ । कोभिड पछि चीनको आर्थिक वृद्धि निरन्तर संकुचनमा छ । सन् २०२२ मा २.९९ प्रतिशत मात्र रफयो जबकि भारतको सन् २०२१ मा ९.१ र २०२२ मा ७ प्रतिशत थियो ।

चीनको जनसङ्ख्या, बजार र आर्थिक वृद्धि संकुचनको कारणले बहुराष्ट्रिय कम्पनी भारततिर आकर्षित हुन थालेका छन् । त्यसले भारतमा मध्यम वर्गीय जनसङ्ख्या वृद्धिमा ठूलो भूमिका खेल्दैछ । भारतमा मध्यम वर्गको अंश सन् २००५ मा १४ प्रतिशत थियो, सन् २०२१ मा ३१ प्रतिशत पुग्यो । सन् २०४७ मा ६३ प्रतिशत पुग्ने अपेक्षा गरिएको छ । एक प्रतिवेदन अनुसार सन् २०१५ र २०२२ बीच विश्वमा १ अर्ब ६ करोड मानिस मध्यम वर्गमा प्रवेश गरेका छन् । यसमा भारतको योगदान ३८ करोड हुँदा चीनको योगदान ३५ करोड मात्रै छ ।

चौथो- आधारभूत सुविधा, पूर्वाधार विकास र शहरीकरणमा भारतले मार्दै गएको फड्को । भारत भन्ने बित्तिकै धेरै कमजोर भौतिक पूर्वाधार भएको गरिबहरूको देश सम्झिनुपर्ने अवस्था थियो । तर पछिल्लो दशकमा स्थिति बदलिंदैछ । यसबीच भारतले ठूला फराकिला हाइवे, महानगरीय मेट्रो, रेल सञ्जालको आधुनिकीकरण, बन्दरगाहहरूको पुनर्निर्माणमा तीव्र फड्को मारेको छ ।

पाँचौं- 'इन्डिया स्टैक' र व्यापक डिजिटलीकरण हो । भारतको सन्दर्भमा यो आश्चर्यजनक नै हो । किनकि भारतलाई अशिक्षित र अनपढ गाउँले धेरै भएको देश मानिन्थ्यो । भारत जस्तो देशमा आम डिजिटलीकरण कसरी सम्भव होला भनेर धेरै शंका गर्थे । तर, भारतले 'इन्डिया स्टैक' नामको एक यस्तो डिजिटल प्याकेज बनायो, जसले आम डिजिटलीकरण सम्भव भयो । यसमार्फत यावत् सरकारी सुविधा नागरिकले एक मोबाइल एप्स मार्फत प्रयोग गर्न सक्दछन् भने नगदहीन अर्थतन्त्रको अभ्यास निरन्तर बढ्दो छ ।

छैटौं- भारत सन् २०२२ को इन्डोनेसिया शिखर बैठकबाट जी-२० को अध्यक्ष भयो । साथै, आउँदो सेप्टेम्बरमा जी-२० शिखर सम्मेलन भारतमै आयोजना गर्दैछ । साथै ब्रिक्समा भारतको भूमिका छँदैछ भने युएईसँग कच्चा तेलको भुक्तानी डलरको साटो भारुमा गर्ने सम्झौता गरेर भारतले भारुको अन्तर्राष्ट्रिय हैसियत समेत बढाएको छ । संयुक्त राष्ट्रसंघमा स्थायी सदस्य राष्ट्रको दाबी प्रस्तुत गरेको मात्र हैन, अमेरिकाले त्यसका लागि सहयोग गर्ने वचन समेत चुकाएको छ ।

सातौं र अन्तिम कुरा- विज्ञान र प्रविधिको तीव्र विकास, रूसमाथिको सैन्य सामग्री निर्भरता कटौती र अन्तरिक्ष हस्तक्षेप हो । भर्खरैको मानवरहित चन्द्रयान-३ को सफल अवतरण मात्र यसको प्रमाण हैन, लडाकु विमान लगायत आधुनिक सैन्य सामग्री भारतमै बनाउन अमेरिकीले भारतलाई प्रविधि दिने सम्झौता दुई देशबीच भइसकेको छ ।

सोभियतकालीन इतिहासलाई छोडिदिने हो भने रूस समेत चन्द्र अभियानमा असफल रह्यो । यही महिनाको अगष्ट ११ मा प्रक्षेपित रूसको लुना-२५ असफल रह्यो भने भारतको चन्द्रयान-३ सफल भयो । यस हिसाबले अमेरिका, चीन र भारतलाई मात्र विश्व समुदायका 'तीन लुनर पावर' मान्नुपर्ने हुन्छ ।

'लुनर पावर' एक सांकेतिक विषय हो, यसले भूराजनीति र अर्थतन्त्रको समीकरणमा तत्कालीन कुनै भिन्नता ल्याउँदैन । तर, भूउपग्रह व्यवसायमा भारतको बढ्दो भूमिकालाई कसैले नजरअन्दाज गर्न सक्दैन । गत वर्ष भारतमा अन्तरिक्ष व्यवसायमा मात्रै १४० वटा स्टार्ट-अप आएका छन् । यिनको मुख्य काम भूउपग्रहको वृद्धि र सस्तो प्रक्षेपण हो ।

एक तथ्यांकले भन्छ कि अब विश्वलाई प्रति दशक ३० हजार भूउपग्रह चाहिने छ । विश्लेषकहरू भन्छन् कि अमेरिकी स्पेश पोर्टहरू भन्दा भारतीय स्पेश पोर्ट निकै सस्ता छन् । यो कुरा चन्द्रयान-३ को न्यून लागतबाट पनि पुष्टि भयो । एलन मस्कको स्पेश एक्सले प्रतिकिलो ६,५०० डलरमा प्रक्षेपण गर्दछ भने भारतीय श्रीहरिकोटाको प्रक्षेपण लागत त्यसको एकतिहाइ भन्दा पनि कम छ । एक विश्लेषकका अनुसार अमेरिकी प्रक्षेपण लागत हवाईजहाजको भाडा जस्तो हुँदा भारतीय प्रक्षेपण लागत ट्याक्सी भाडा जस्तो हो । यी सात वटै सबलता भारतले पछिल्ला केही वर्ष भित्र हासिल गरेको हो । उसका कमजोर पक्ष भने ग्लोबल डेमोक्रेसी सूचकमा निरन्तर खस्किनु र प्रतिव्यक्ति आय अझै कमजोर हुनु हो । भारतको प्रतिव्यक्ति आए अहिले २७०० डलर पुगेको छ, जो नेपालको १४०० डलरभन्दा झण्डै दोब्बर हो, तर अरू देशको तुलनामा निकै कम । यहाँसम्म कि चीनको करिब १३ हजार डलरभन्दा पनि कता हो कता कम ।

तर, भारतीय प्रतिव्यक्ति आयभित्र अन्तर्निहित पाटो अर्कै छ । प्रतिव्यक्तिको राष्ट्रिय औसत कमजोर देखिनुको मुख्य कारण उत्तरप्रदेश, बिहार, झारखण्ड र पश्चिम बंगाल जस्तो असाध्यै धेरै जनसङ्ख्या भएका र अल्पविकसित प्रदेश हुन् । भारतमा ३३ प्रदेश तथा केन्द्रशासित प्रान्तमध्ये ६ वटा असाम, मेघालय, मणिपुर, झारखण्ड, बिहार र उत्तर प्रदेशको मात्र नेपालको भन्दा कम प्रतिव्यक्ति आय छ । भारतका प्रदेशमध्ये गोवाको सबैभन्दा बढी करिब ७ हजार डलर र सबैभन्दा कम बिहारको करिब ६५० डलर देखिन्छ ।

भारतका यी उपलब्धिको चर्चा गर्नुका पछाडि यो पंक्तिकारको उद्देश्य भारतको प्रशंसा गर्नु वा कतिपयले सोच्ने गरे जस्तो 'भारत-परस्त' हुनु हैन । नेपालमा चीनको उपलब्धिबारे धेरै चर्चा हुन्छ तर भारत भित्रभित्रै कसरी बदलिँदैछ भन्ने कमैले बुझेका वा ध्यान दिएका हुन्छन् । भारत कसरी अगाडि बढ्दैछ वा पछाडि सर्दैछ भन्ने राम्रो अध्ययन नगरिकन नेपालले सही रणनीति बनाउन सक्दैन । यो पंक्तिकारको यो आलेखको उद्देश्य यहाँनेर हो ।

भारत र चीनले प्रगति गर्दा नेपालको अर्थतन्त्रको प्रवाह आफैं चुहिएर आउँछ र नेपालको आर्थिक विकास स्वत: हुन्छ भन्ने सोच निरर्थक हो । यदि त्यसो हुन्थ्यो त भइसक्नुपर्थ्यो । किनकि भारत र चीन दुवै तीव्र प्रगतिपथमा छन् भन्ने कुरा पुष्टि नै भइसकेको छ तर, नेपालका कुनै पनि आर्थिक सूचक त्यस अनुपातमा अघि बढेका छैनन् । भारत नेपाललाई मात्र हैन, सिंगो दक्षिणएशियालाई नै छोडेर एक्लै अघि बढ्दैछ । यो दीर्घकालमा भारतका लागि हानिकारक हुन सक्दछ । जुन दशकमा आएर भारतले उल्लेख्य उपलब्धि हासिल गर्‍यो ठीक यही दशकमा सार्कको स्थिति सबैभन्दा नराम्रो भयो । एकप्रकारले भन्दा सार्क बर्बादी र दुर्गतिमा फस्यो । सन् १९८५ मा सार्कको स्थापना हुँदा यसको उद्देश्य दीर्घकालमा युरोपियन युनियनको जस्तै मोडेलमा जाने वा आर्थिक सहकार्य, परस्पर सहयोग र साझेदारी बलियो बनाउँदै लैजाने थियो । यही अवधारणा अनुरूप 'साप्टा' समेत आएको थियो ।

तर, आज हेर्ने हो भने भारत बाहेक कुनै पनि सार्क देशको स्थिति राम्रो छैन । भुटान र बंगलादेश तुलनात्मक रूपमा अहिले सुरक्षित तथा प्रगतिउन्मुख जस्तो त देखिन्छन्, तर उनीहरूको उन्नति विश्वको तुलनामा खासै उल्लेखनीय छैन । बाँकी सबै देशको स्थिति बेहाल छ ।

सन् २००८ मा सार्क प्रवेश गरेको सबैभन्दा पछिल्लो देश अफगानिस्तानमा इस्लामिक जिहादी तालिवान शासन फर्किएको छ । आर्थिक विकासको त कुरै छोडौं- त्यसले आधारभूत मानवअधिकार र लोकतन्त्रको समेत सम्मान गरिरहेको छैन । महिलाले शिक्षालयमा गएर पढ्न नपाउने जस्तो मध्ययुगीन र बर्बर नियम लाद्दैछ । अफगानिस्तान एशियाकै सबैभन्दा गरिब मुलुक मानिन्छ । यसको प्रतिव्यक्ति आय गत वर्ष ४०० डलर मात्र थियो ।

श्रीलंका त टाट नै पल्टियो, फेरि बौरिन खोज्दैछ । तर, त्यो पनि भारतकै सहयोगमा । ऊ चीनसँगको निकटता र ऋणले हब्बनटोटा जिम्मा लगाउनुपर्ने स्थितिमा पुग्यो । पाकिस्तानको स्थिति उस्तै बेहाल छ । पाकिस्तान पनि लगभग श्रीलंका जस्तो ऋणको पासोमा फसिसकेको छ । ८८ प्रतिशतसम्मको मुद्रास्फीति त्यहाँका जनताले झेले । बलुचिस्तान र उत्तरी गिल्गिट-बाल्टिस्तान क्षेत्रमा पृथकतावाद बलियो हुँदैछ । राजनीतिमा सेनाको भूमिका र प्रतिशोधको भावना यति बलियो छ कि पूर्वप्रधानमन्त्री रान खान जेलमा छन् ।

माल्दिभ्सको चर्चा खासै प्रासंगिक छैन । दक्षिणएशियामा त्यो फरक प्रकारको टापु राज्य हो । जहाँसम्म नेपालको कुरा छ- यो झन - झन् जनसङ्ख्या एक 'परिह-राज्य' जस्तो बन्दैछ । भारत, चीनले त छिमेकी देशको कारणले गर्ने नै भए । सदस्य राष्ट्रका रूपमा संयुक्त राष्ट्रसंघमा बोलाइनु एउटा कुरा हो । त्यसबाहेक विगत दुई दशकमा नेपाललाई महत्व दिएर कुनै देशले निम्तोसम्म गर्दैन कुनै कार्यक्रममा ।

नेपालका राष्ट्रपति वा प्रधानमन्त्री चीन, भारत, संयुक्त राष्ट्रको बैठक वा महासभामा बाहेक अन्यत्र भ्रमण गरेका वा बलियो अन्तर्राष्ट्रिय सम्बन्ध बनाएका विरलै घटना होलान् । राष्ट्रपति विद्यादेवी भण्डारी हुँदा एकपटक बंगलादेशले स्वतन्त्रताको स्वर्ण जयन्तीमा बोलाएको थियो, सायद त्यति नै हो ।

राजनीतिशास्त्रमा अञ्लेल 'परिह-राज्य' को खुबै चर्चा हुने गर्दछ । कुनै बेला यसको अर्थ विश्व प्रक्रियाबाट टुटेको अलगावमा परेको देश भन्ने हुन्थ्यो उत्तरकोरिया, क्युबा, अफगानिस्तान आदि जस्तै । यो दृष्टिकोणबाट हेर्ने हो भने अहिले रूस पनि परिह-राज्य हो । तर, यथार्थमा हैन, अहिलेको परिभाषामा त्यस्ता राज्य परिह हुन् जो शक्ति संघर्ष र शत्रुताको कारणले हैन, महत्वहीनता, बेवास्ता र निरीहताको कारणले अगलावमा हुन्छन् ।

विद्यमान परिस्थितिमा नेपालले आफ्नो अन्तर्राष्ट्रिय सहकार्य, साझेदारी र सहयोग कसरी खोज्ने ? यो आफैंमा धेरै ठूलो रणनीतिक महत्वको प्रश्न हो । अफगानिस्तान र पाकिस्तानसँग भारतीय समस्याको कारणले सार्क तत्काल ब्युँतिने र प्रभावकारी हुने कुनै सम्भावना देखिन्न ।

चीन तत्काल नेपालका लागि भारतको प्रतिस्थापन हुन सक्दैन । यदि नेपाल भारतको साटो चीनतिर नै मिल्दै जाने रणनीतिमा जाने हो भने पनि त्यसको दिगो योजना र पूर्वाधार चाहिन्छ, त्यसका लागि अझै कम्तीमा दुई दशक लाग्नेछ । त्यो आफैंमा एक अप्राकृतिक बाटो हुनेछ । किनकि हिमालयको प्राकृतिक बोर्डर, भाषा र संस्कृतिको भिन्नता, भौगोलिक दूरी र अर्थशास्त्रीय प्रभावकारिताको दृष्टिकोणबाट त्यो असम्भव छ ।

भारततिरको करिब १००० किमी दूरीको साटो चीनतिरको करिब ३५०० किमी दूरीको समुद्र प्रयोग गरेर नेपालको अर्थतन्त्र टिक्नै सक्दैन । अहिले नै नेपालको अर्थतन्त्र धेरै महँगो छ र त्यो तरिकाले झनै महँगो बनाउनेछ । हामीले चीनसँग सुरक्षा प्रत्याभूति तथा लागत तथा तुलनात्मक लाभ प्रभावकारी क्षेत्रमा नै सहकार्य गर्ने हो ।


सार्क निष्क्रिय भएको वेला बिमस्टेकले त्यसको आवश्यकता पूरा गर्ला भन्ने कुनै वस्तुगत आधार छैन । अभ्यासले पनि त्यो पुष्टि गर्दैन । सन् १९९७ मा चार मुलुक भारत, बंगलादेश, श्रीलंका र थाइल्याण्ड मिलेर बनेको बिमस्टेकमा पछि म्यानमार, भुटान र नेपाल थपिएका थिए । बिमस्टेक मुलुकमध्ये म्यानमारको अर्कै दुर्दशा छ ।

यस्तो वेला नेपालका लागि सम्भावनाका दुई मात्र वस्तुगत आधार बाँकी रहन्छन् । या त सार्कभित्रै समस्यारहित सदस्यहरू बीच उत्तरपूर्वी संघ भारत, बंगलादेश, भुटान र नेपालको उपक्षेत्रीय आर्थिक संघ 'बीबीआईएन' लाई प्रभावकारी बनाउने वा यता दक्षिण तथा दक्षिणपूर्वी एशियाका म्यानमार र थाइल्याण्डलाई समेत समेटेर एक बृहत् दक्षिण तथा दक्षिण पूर्वी एशियाली आर्थिक युनियनको परिकल्पना अघि बढाउने । दुर्भाग्यको कुरा हो कि नेपालले आफ्नो आत्मविश्वासलाई त्यो स्तरमा उठाएकै छैन । नेपालको महत्व शीतयुद्धकालमा भन्दा पनि घटेको छ भने नेपाली नेतृत्वको बुझाइ र आत्मविश्वास झन्-झन् कमजोर हुँदैछ । सीमा विवादलगायत नेपाल भारतबीचका कतिपय सवाल महत्वपूर्ण हुन् नै तर ती समकालीन विश्व परिप्रेक्ष्यमा उत्तिकै साना कुरा पनि हुन् । भारत-नेपाल सम्बन्धमा जुन परम्परागत संकीर्णता र शास्त्रीय पूर्वाग्रह छ, त्यसबाट दुवै देश अविलम्ब निस्कनै पर्दछ । अन्यथा नेपाल 'परिह' मात्र हैन, 'घेट्टो स्टेट' हुन बेर छैन ।

भारतको प्रगतिको डाह, ईर्ष्या गर्ने वा पूर्वाग्रह राख्ने हैन, प्रष्ट कुरा गर्ने र प्रगतिको गतिमा कदम मिलाएर हिंड्ने राजनीतिक सामर्थ्य र इच्छाशक्ति सहितको राजनीतिक नेतृत्वको उदय विना नेपालको आर्थिक भविष्य र समृद्धिको यात्रा झन्-झन् दुरुह र दुष्कर हुने निश्चित छ ।

(साभार : अनलाइनखबर)

# सन्चोको प्रयोग गर्दा यी कुरामा ख्याल राख्नुपर्छ



✍ उषा रिजाल

'सन्चो' नाममा उपलब्ध हुने तिख्खर सुगन्धयुक्त तेलबारे सायदै अनभिज्ञ होलान् । किनभने रुघा लाग्दा, नाक बन्द हुँदा होस् वा मांसपेशी-जोर्नी दुख्दा धेरैले सन्चो प्रयोग गर्छन् । विगतको तुलनामा सन्चोको उत्पादन र खपत दुवै बढेको छ । सन्चोको उपयोगिता अनेक छ । सन्चोको केही थोपा हालेर बाफ लिने, हातगोडा मसाज गर्ने, टाउको दुखेको बेला निधारमा केही थोपा हालेर हल्का मसाज गर्नुपर्छ, दुखाइ कम हुन्छ । लामखुट्टे वा अन्य कीराले टोक्दा पनि चिलाउने वा रातो हुने समस्या कम हुन्छ । थकान वा अरु कारणले हातखुट्टा दुखेको छ भने पनि सन्चोको केही थोपा लगाएर मसाज गर्नुपर्छ, आरम महसुस हुन्छ । यसरी सन्चोको प्रयोग रुघाखोकी, जोर्नी दुखेको, नाक बन्द भएको, थकान, जीउ दुखेको, मांसपेशी दुखेको, टाउको दुखेको, मर्केको ठाउँ र सामान्य चिलाइमा गर्न सकिन्छ ।

**खासमा के हो सन्चो ?**

सन्चो हाम्रै घर आँगनमा पाइने औषधीय वनस्पतिबाट बनाइन्छ । पुदिना, युकालिप्टस (मसला), कपुर, धसिंग्रे, तुलसी, टिमुर र लेमनग्रासको सुगन्धित तेल मिश्रण गरेर सन्चो बनाइन्छ । प्राकृतिक जडिबुटीहरुको समिश्रणका कारण यो विभिन्न स्वास्थ्य समस्याको अचूक समाधान बनेको हो । जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीले यी जडिबुटीहरुको उत्पादन गर्दै आएको छ ।

**यसको कुनै नकारात्मक असर छ ?**

आयुर्वेदिक होस् वा एलोपेथिक प्राय: सबै औषधिको केही न केही असर त हुन्छ नै । कुनै औषधिले एउटा व्यक्तिलाई फाइदा गर्छ भने अर्को व्यक्तिलाई बेफाइदा गरिरहेको हुन्छ । त्यसैले सन्चोले पनि कसैलाई एलर्जी हुन सक्छ ।

**कस्तो अवस्थामा प्रयोग नगर्ने ?**

पहिले सन्चो उत्पादनको सुरुवाती दिनमा १-२ थोपा सन्चोलाई पानीमा हालेर खाने पनि गरिन्थ्यो । तर औषधि व्यवस्था विभागले सन्चोलाई खानमा प्रयोग नगर्न भनेपछि खाने सुझाव बन्द गरियो । आँखामा सोझै यसको प्रयोग गर्नु हुँदैन ।

सन्चोको प्रयोग बाहिरी प्रयोजनको लागि मात्र गर्न सकिन्छ । भित्री रुपमा यसको प्रयोग गर्नु हुँदैन ।

साभार : अनलाइनखबर

# संगठित अपराधमा ६२ दिन थुनेपछि कीर्तेमा मात्र मुद्दा

काठमाडौं/भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङलाई पक्राउ गरेर प्रहरीले सुरु गरेका ललितानिवास जग्गा प्रकरणको अनुसन्धान ६२ दिनपछि सरकारी लिखत कीर्तेको कसूरमा सीमित भएको छ ।

संगठित अपराध र सरकारी लिखत कीर्तेको कसूरमा अनुसन्धान गरेर प्रहरीले बुझाएको रायसहित प्रतिवेदनलाई जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंले कीर्ते कसूरमा मात्र सीमित गराएको हो ।

कानूनतः कीर्तेको कसूरमा प्रहरीले अधिकतम २४ दिनभित्र अनुसन्धान सकेर रायसहितको अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाइसक्नुपर्छ । २५औं दिनभित्र अदालतमा मुद्दा दर्ता भइसक्नुपर्ने प्रावधान छ ।


ललितानिवास प्रकरणमा पक्राउ परेका मिनबहादुर गुरुङसहितका आरोपीहरु ।

ललिता निवास प्रकरणमा कीर्तेसँगै संगठित अपराधमा अनुसन्धान गर्न भनेर पटक-पटक म्याद थप भयो । तर आइतबार सरकारी वकिलको कार्यालयले जिल्ला अदालत, काठमाडौंमा २९० जनाविरुद्ध कीर्तेमा मात्र मुद्दा दायर गरेको छ ।

मुद्दा दर्ता गर्नुअघि सरकारी वकिलको कार्यालयले संगठित अपराधमा मुद्दा नचल्ने निर्णय गरेको थियो । प्रहरीले ल्याएको अनुसन्धान प्रतिवेदनमा २०४२, ०४९, २०६७ र ०६९ सालमा सरकारी लिखत कीर्ते भएको देखिएको तर, संगठित अपराध निवारण ऐन २०७० सालमा मात्रै आएकाले पाश्चातदर्शी कानूनको सिद्धान्त अनुसार यसमा मुद्दा नचलाउन नमिल्ने उसको जिकिर छ ।

'पहिलेको घटनालाई पछि आएको कानूनले समेट्दैन, त्यसमाथि यसमा संगठित अपराधको तत्व पनि देखिएन', सरकारी वकिलको कार्यालयका न्यायाधिवक्ता महेशप्रसाद खत्रीले भने, 'अझ तीन वर्षभन्दा कम सजाय हुने मुद्दामा संगठित अपराध नहुने हुँदा यो मागदाबी हटाइदिएका हौं ।'

फौजदारी कानूनका जानकार सतिशकृष्ण खरेल भने यत्तिका दिन हिरासतमा राखेपछि अहिले संगठित अपराधको कसूरमा मुद्दा नचल्ने निर्णय हुँदा आरोपीलाई एक महिनाभन्दा बढी गैरकानूनी थुनामा राखेको देखिने बताउँछन् ।

'यो गैरकानूनी थुनामा राखेको विषयमा प्रहरीविरुद्ध अर्को मुद्दा पर्नसक्ने विषय देखियो, यसमा म्याद थपका लागि पहिले सरकारी वकिलले किन सहमति दियो र न्यायालयले पनि कसरी हिरासतमा राख्न अनुमति दियो भन्ने प्रश्न उठेको छ', खरेलले संचारकर्मीसँग भने, 'कसुर हुनुभन्दा पछाडि भनेको कानून आकर्षित हुँदैन भन्ने पहिल्यै त्यसबेलै पनि थाहा हुने कुरा हो । यत्तिञ्जेल किन आरोपीलाई हिरासतमा राखियो भन्ने प्रश्न गर्ने ठाउँ देखिएको छ ।'

पूर्वमहान्यायाधिवक्ता अग्नि खरेल अनुसन्धान अघि बढ्दै जाँदा समय नपुग्ला भन्ने महसुस भएर संगठित अपराधमा लगेको जस्तो देखिएको बताउँछन् । '२०७० सालमा बनेको कानूनबाट त्यसअघिको कसुरमा सजाय गर्न मिल्दैनथ्यो, सुरुमै सरकारी वकिलले यसतर्फ हेक्का राख्नुपर्ने थियो', खरेलले अघि भने, 'त्यो नहुँदा अहिले गम्भीर प्रश्न उठ्ने स्थिति देखिएको छ ।'

यो मामिलाको अनुसन्धान गरेको प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का अधिकृतहरु जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंसँग समन्वय गरेरै संगठित अपराधमा पनि मुद्दा अघि बढाइएको बताउँछन् ।

'सरकारी वकिलसँग सल्लाह नगरी संगठित अपराधमा पनि म्याद लिने भन्ने हुँदैन, सल्लाह गरेरै संगठित अपराधमा पनि मुद्दा लगेका हौं', अनुसन्धानमा संलग्न ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दिनेश आचार्यले भने, 'अहिले किन संगठित अपराधमा मुद्दा अघि बढेन भन्ने चाहिँ सरकारी वकिलतिरै सोध्नुपर्ला ।'

**पहिलो गाँसमै लागेको थियो ढुंगा**

सीआईबीले १२ असार २०८० मा भाटभटेनीका सञ्चालक मिनबहादुर गुरुङसहित मालपोत कार्यालय, डिल्लीबजारका पूर्वप्रमुख धर्मप्रसाद गौतम, खरिदार गोपाल कार्की, मालपोत कार्यालय, भक्तपुरका पूर्वप्रमुख एवं निर्वाचन आयोगका पूर्वआयुक्त सुधीरकुमार शाहसहित ७ जनालाई पक्राउ गरेर ललितानिवास जग्गा प्रकरणको फाइल खोलेको थियो ।

तर, पक्राउ परेको केही घण्टामै ३ आरोपीले सर्वोच्च अदालतबाट पहिल्यै निषेधाज्ञाको आदेश लिएको खुल्यो । त्यसपछि सीआईबीले केही घन्टामै मालपोत कार्यालय, डिल्लीबजारका पूर्वप्रमुख कलाधर देउजा, कर्मचारी सुरेन्द्रमान कपाली र हुपेन्द्रमणि केसीलाई छाड्नु परेको थियो ।

न्यायाधीश ईश्वर खतिवडाको इजलासले विशेष अदालतमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दा विचाराधीन रहेको बेला देउजा, कपाली र केसीसहित १७ जनलाई फेरि नियन्त्रणमा नलिन अन्तरिम आदेश दिएको भेटिएको थियो । आदेशमा १७ जनालाई सरकारी लिखत कीर्तेसम्बन्धी कसूरमा पक्राउ नगर्न भनिएको थियो ।

हदम्यादको सन्दर्भमा समेत प्रश्न उठाउँदै आदेशमा भनिएको थियो, 'मुद्दा दायर गर्ने हदम्याद बाँकी रहेको वा नरहेको भन्ने प्रश्नमा पछि न्यायिक प्रक्रियाका सन्दर्भमा यथोचित विवेचना र निरुपण हुने नै छ, यस पृष्ठिभूमिमा हेर्दा कीर्तेसम्बन्धी विवादित सन्दर्भलाई लिएर निवेदनहरुलाई अहिले नै थुनामा राखियो भने निजहरुको हक अधिकारमा अपुरणीय क्षति पुग्न जाने अवस्था देखियो ।'

यो आदेश सार्वजनिक भएपछि ललितानिवास जग्गा प्रकरणको अनुसन्धानमा हदम्यादको विषयमा पनि बहसमा आएको थियो । मुलुकी फौजदारी अपराध संहितामा कीर्तेको कसूरमा जानकारी पाएको दुई वर्षभित्र मुद्दा चलाउनुपर्ने हदम्याद छ ।

तर सीआईबी न्यायाधीश खतिवडाको आदेशविरुद्ध भ्याकेटको निवेदन लिएर फेरि अदालत गयो भने ब्यूरो प्रमुख एआईजी किरण बज्राचार्यले मुलुकी ऐन, २०२० अनुसार मुद्दा चलाउने भन्दै यसमा हदम्याद नलाग्ने पत्रकार सम्मेलन गरेर बताइन् ।

पछि अदालतले पक्राउ परेका आरोपीहरुलाई म्याद थप्ला गर्ला या नगर्ला भन्ने संशयका बीच हिरासतमा राखन अनुमति पाएपछि ब्यूरोका अधिकृतहरुले राहत महसुस गरे । ५ साउनमा सर्वोच्च अदालतका न्यायाधीशद्वय प्रकाशकुमार ढुंगाना र नहकुल सुवेदीको इजलासले सीआईबीको भ्याकेट निवेदनलाई स्वीकृत गर्दै निषेधाज्ञाको आदेश खारेज गरेको थियो ।

त्यसपछि सीआईबीले थप आरोपीहरुलाई पक्राउ गरेको थियो । १९ असारमा प्रकरणमा संगठित अपराधको तत्व पनि देखिएको भन्दै ब्यूरोले संगठित अपराध निवारण ऐन, २०७० मा पनि म्याद थप गरेको थियो । यसअनुसार सीआईबीले अनुसन्धानका लागि ६० दिनसम्मको समय पाएको थियो ।

सीआईबीका अधिकृतहरुको दाबीमा, त्यसबेला सरकारी वकिलको सहमति र सल्लाह बमोजिम नै संगठित अपराधको कसूरमा पनि मुद्दा अघि बढाइएको थियो । तर, आइतबार मुद्दा अघि बढाउने बेला सरकारी वकिलले 'संगठित अपराधको तत्व' नदेखिएको भन्दै कीर्तेको कसुरमा मात्रै मुद्दा अघि बढाएको छ ।

**सीआईबी भर्सेस सरकारी वकिल ?**

कानूनतः प्रहरीले गर्ने अनुसन्धानको सुपरिवेक्षण गर्ने अधिकार सरकारी वकिललाई हुन्छ । प्रायः प्रहरीले सरकारी वकिलसँग समन्वय गरेरै अनुसन्धान अघि बढाउँछ ।

वरिष्ठ अधिवक्ता सतिशकृष्ण खरेलका अनुसार, अपराध अनुसन्धानमा सरकारी वकिलले हरेक तहमा नियन्त्रण गरेर कानुनी पाटोमा निर्देशन दिनुपर्ने हो । 'खासमा सरकारी वकिलको भूमिका नियन्त्रकको रुपमा हो, अनुसन्धानमा सुपरभिजन गर्ने र अनुसन्धानको हरेक तह हेर्ने सरकारी वकिलले हो' खरेल भन्छन्, 'तर, हाम्रो प्रणालीमा त्यस्तो भएको देखिँदैन, डिफ्याक्टो पावर पुलिसको हातमा देखिन्छ ।'

ललितानिवास जग्गा प्रकरणमा पनि सरकारी वकिल र सीआईबीको तालमेल मिलेको देखिन्न । प्रहरीले सरकारी वकिलको कार्यालयमा रायसहितको अनुसन्धान प्रतिवेदन बुझाउँदा पेश गरेका अन्य थुप्रै कुराहरु पनि मुद्दा जाने बेलासम्म उल्टिएका छन् ।

प्रहरीले पूर्वनिर्वाचन आयुक्त सुधीर शाहलाई प्रकरणको एक मुख्य कडीका रुपमा प्रस्तुत गर्दै २९ करोड ३२ लाख मागदाबीसहित मुद्दा चलाउन राय दिएको थियो ।

तर, सीआईबीले हप्तै पिच्छे सरकारी वकिलको कार्यालय हुँदै अदालत पेश गरेर म्याद थप गर्दै ६२ दिनसम्म नियन्त्रणमा राखेका शाहविरुद्ध सरकारी वकिलले मुद्दै नचलाउने निर्णय गर्‍यो । शाहले मालपोत कार्यालय भक्तपुरको प्रमुख हुँदा राणा परिवारबाट जग्गा प्राप्त गरेर सरकारी जग्गा हत्याउन सहयोग गरेको ब्यूरोको निष्कर्ष थियो ।

सीआईबी अनुसन्धानमा सुधीरले पत्नी उर्मिला शाहको नाममा ११ आना २ पैसा जग्गा लिएको भेटिएको थियो । सुधीर पत्नी उर्मिला शाह र गेहनाथ पत्नी भुवनकुमारी चापागाईंको नाममा कित्ता नं. ३६ को १ रोपनी २ पैसा जग्गा पनि भेटिएको थियो ।

सीआईबीले सचिव कृष्णबहादुर राउतलाई मुद्दा चलाउनु नपर्ने राय दिएको थियो । तर सरकारी वकिलले त्यसलाई उल्ट्याउँदै मुद्दा चलाउने निर्णय गरेको थियो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट २४ असारमा पक्राउ गरेर राउतलाई ल्याउँदा कर्मचारी प्रशासनबाट आलोचित बन्नुपर्दा सीआईबी हच्किएको थियो । पछि अदालतले पनि उनलाई बन्दी प्रत्यक्षीकरणको रिटमार्फत छाडेको थियो । त्यसबेला हठात् पक्राउ गर्न विमानस्थल पुगेको प्रहरी मुद्दा चलाउने बेलासम्म भने उनीप्रति लचिलो बनेको थियो । यसप्रति प्रश्न उठाउँदै सरकारी वकिलले मुद्दा चलाउने निर्णय गरेको थियो ।

सीआईबीले २८६ जनालाई प्रतिवादी बनाएर राय सहितको प्रतिवेदन पठाएकोमा सरकारी वकिलले जग्गा फिर्ता प्रयोजनसहित २९० जनालाई प्रतिवादी बनाएको छ । 'सबै हेर्दा सरकारी वकिल र प्रहरीबीच समन्वय नभएको जस्तो देखिन्छ' यो मामलालाई हेरिरहेका एक अधिवक्ता भन्छन्, 'सुरुमा राम्रोसँग समन्वय नहुँदा असमझदारी छताछुल्ल भयो ।'

सीआईबी र सरकारी वकिलबीच असमझदारी देखिएको यो प्रकरण भने होइन । विद्युतीय सिगरेट (भेप) मा लुकाएर ल्याएको झण्डै ९ किलो सुन तस्करी प्रकरणमा माओवादी नेता कृष्णबहादुर महराको नाम अभियोग पत्रमा समावेश भएपछि सरकारी वकिल र सीआईबीबीच विवाद देखिएको थियो ।

स्रोतका अनुसार, अनुसन्धानका क्रममा रहेको सीआईबीको प्रतिवेदनबाट कृष्णबहादुर महराको नाम उल्लेखित मोबाइल सम्पर्क विश्लेषण विवरण अभियोग पत्रमा समावेश भएपछि सीआईबीले आपत्ति जनाएको थियो । 'छोरा निर्मलाको नम्बरमा कृष्णबहादुर महराको नाम उल्लेख गरेर अभियोग पत्रमा समावेश भएपछि सीआईबीले हटाइदिन भनेको थियो', यसबारे जानकार स्रोतले भन्यो, 'तर सरकारी वकिलका प्रमुख अच्युतमणि नेउपानेले मानेका थिएनन् ।'

ललितानिवास जग्गा प्रकरणमा पनि सरकारी वकिलको कार्यालयले पूर्वप्रधानमन्त्रीद्वय माधव कुमार नेपाल र डा. बाबुराम भट्टराईको बयान नै लिइनुपर्ने जिकिर गरेको थियो । मौकाको कागज गरेर नमान्ने चेतावनी दिएको थियो । कानूनतः बयान सरकारी वकिलको रोहबरमा हुन्छ । तर प्रहरीले नेपाल र भट्टराईको घरमै गएर सरकारी साक्षीका रुपमा कागज मात्र गराएको थियो ।

*(स्रोतः अनलाइनखबर)*

# नगरप्रहरीका लागि ३१ जना शारीरिक परीक्षणमा उत्तीर्ण

साझाकुरा संवाददाता



हेटौंडा, १० भदौ/मनहरी गाउँपालिकाले नगरप्रहरी व्यवस्थापनका लागि गरेको शारीरिक परीक्षण सम्पन्न भएको छ । आइतबार मनहरी-९ रजैयास्थित आश्रमचौरमा भएको शारीरिक परीक्षणमा ६३ जना सहभागीमध्ये ३१ जना उत्तीर्ण भएका छन् ।

गाउँपालिकाले १० जना नगरप्रहरीका लागि खुल्ला विज्ञापन गरेको थियो । सहायक निरीक्षक पदमा १ जना, हवल्दारमा २ जना र जवानमा ७ जनाको लागि विज्ञापन खुलाएको थियो । जसमा ६३ जनाको आवेदन प्राप्त भएको प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठले जानकारी दिए । सहायक निरीक्षकमा ३ जना, हवल्दारमा १४ जना र जवानमा ४६ जनाको आवेदन प्राप्त भएको उनको भनाई छ ।

प्राप्त आवेदनमध्ये शारीरिक परीक्षणमा ३२ जना मात्र छनोट भएका छन् । सहायक निरीक्षकमा ३ जना, हवल्दारमा ७ जना र जवानमा २१ जना छनोट भएको गाउँपालिकाद्वारा प्रकाशित नामावलीमा उल्लेख गरिएको छ । शारीरिक परीक्षणबाट उत्तीर्ण भएकाहरुको १३ गते बुधबार लिखित परीक्षा लिने प्रमुख श्रेष्ठले जानकारी दिए ।

# खोरेतविरुद्धको भ्याक्सिन लगाउँदै वंशगोपाल सहकारी

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ हेटौंडा-६, चौघडामा रहेको बंशगोपाल दुग्ध उत्पादक सहकारी संस्थाले पशुहरुमा लाग्ने खोरेत विरुद्धको भ्याक्सिन लगाउने कार्य सुरु गरेको छ । संस्थाको चालु आव ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भ्याक्सिन लगाउन सुरु गरेको हो ।

संस्थाको कार्यक्षेत्र चिसापानी, न्यूरेनी, चौघडा, रक्षादेवीटोल, कालीपोखरी, दिब्यनगर, देवीडाँडा, शान्तिटोल, चुच्चेखोला, कुमलटार, पुतलीबजार लगायत क्षेत्रका किसानको पशुलाई यो रोगविरुद्धको भ्याक्सिन लगाइएको संस्था उपाध्यक्ष केशव धितालले बताए ।

यसवर्ष संस्थाले भैसी, गाई, गोरु, पाडापाडी, बाच्छाबाच्छी समेत करिव ३ सय पशुलाई यो रोगविरुद्धको भ्याक्सिन लगाउन लक्ष्य रहेको पशुप्राविधिक मदन न्यौपानेले बताए ।

मुख तथा थुनमा घाउ आउनु, जिब्रो सुनिनु, उच्चज्वरो आउनु खोरेत रोगको लक्षण हो । संस्थाले प्रत्येकवर्ष नाम्ले जुकाको ओषधि र खोरेतविरुद्धको भ्याक्सिन लगाउदै आएको व्यवस्थापक लक्ष्मण सापकोटाले बताए । संस्थामा ३ सय ३० जना शेयर सदस्य रहेका छन् ।

# जाल्पा लघुवित्तद्वारा कागतिको विरुवा वितरण

साझाकुरा संवाददाता




हेटौंडा, १० भदौ/जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था शाखा कार्यालय हेटौंडाले कागतिको विरुवा वितरण गरेको छ ।

संस्थाले आफ्ना सदस्यहरुलाई उत्पादनमा लगाउन कागतिको विरुवा वितरण गरेको हो । कार्यक्रममा वित्तीय संस्थाको बागमती प्रदेश कार्यालय प्रमुख बसन्तराज चालिसेले सदस्यहरुलाई कागतिको विरुवा हस्तान्तरण गरेका थिए । हेटौंडास्थित संस्थाको आफ्नै कार्यालयमा भएको कार्यक्रममा करिक १ सय ५० जना सदस्यलाई विरुवा वितरण गरिएको शाखा कार्यालयका प्रमुख सुमन खत्रीले जानकारी दिए ।

संस्थाले क्रेडिट प्लस कार्यक्रममा उद्यम विकास कार्यक्रमअन्तर्गत विरुवा वितरण, तरकारीको बीउ वितरण, विभिन्न सीपमूलक तालिमका साथै कृषि तथा पशु प्राविधिक सेवा प्रदान गरिरहेको प्रबन्धक खत्रीले बताएका छन् ।

हाल यस वित्तीय संस्थाको ३४ जिल्लामा ९९ वटा शाखा कार्यालयमार्फत वित्तीय सेवा प्रदान गरिरहेको छ । खत्रीले आफ्ना सदस्यलाई कृषि उत्पादनतर्फ आकर्षित गराउने कागतिका विरुवालगायतका अन्य कार्यक्रमहरु ल्याइरहेको जानकारी दिएका छन् ।

# उसिना चामल निर्यातमा भारतले लगायो २० प्रतिशत कर



काठमाडौं / भारतले उसिना चामलमा पनि २० प्रतिशत कर लगाएको छ । शुक्रबारबाट लागू हुने गरी भारतले पहिलो पटक सबै प्रकारका उसिना चामलमा कर लागएको हो । भारतको सेन्टररल बोर्ड अफ इन्डाइरेक्ट टयाक्स एण्ड कष्टमले शुक्रबार यस्तो निर्णय गरेको हो ।

बास्मती, लङग्रेन र जिरामसिनो सबै प्रकारका उसिना चामल पाइन्छ । भारतको यस्तो निर्णयले नेपाली बजारमा पनि असर गर्न सक्ने अनुमान गरिएको छ । यस अघि भारतले गत महिना बास्मती चामल निर्यातमा रोक लगाएको थियो ।

स्थानीय बजारमा चामलको मूल्य उकालो लागेपछि भारतले यस्तो निर्णय गरेको रोयटर्सले जनाएको छ । भारत यस्तो प्रकारको निर्यातमा पनि अग्रणी मुलुक मानिन्छ ।

व्यवसायी सञ्जय फुँयालकाअनुसार नेपालमा अहिले जिरामसिनो उसिना चामको मूल्य प्रतिसकिलो ७८ र लङग्रेनमा १४७ रुपैयाँसम्ममा कारोबार भइरहेको छ । भारतको यस्तो निर्णयको असर अब नेपाली बजारमा पनि देखिने अनुमान गरिएको छ ।

## सन्दीप एसिया कप खेल्न पाकिस्तान जाँदै

काठमाडौं/नेपाली राष्ट्रिय क्रिकेट टिमका लेग स्पिनर सन्दीप लामिछाने एसिया कप खेल्न मंगलबार सोमबार पाकिस्तान जाने भएका छन् ।

जिल्ला अदालत काठमाडौंमा विचारधीन रहेको उनीमाथिको बलात्कार आरोपको मुद्दा आइतबार हेर्न नभ्याइएका कारण उनको पेशी भदौ २१ गतेलाई सरेको छ । पेशी सरेपछि सन्दीप मंगलबार नै एसिया कपका लागि पाकिस्तान उड्ने सन्दीपका वकिल सरोजकृष्ण घिमिरेले जानकारी दिएका हुन् ।

'उहाँ भोलि बिहान नै पाकिस्तान जाने भन्ने कुरा भएको छ । टिकटको कुरा क्यानबाट कनफर्म हुन बाँकी छ,' उनले भने ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

Education is the real treasure
हार्दिक समवेदना
जन्म
२००२ असोज ०२

स्वर्गारोहण
२०८० भाद्र ०८
स्व. श्री तुल्सी थापा
यस विद्यालयका सल्लाहकार तथा हाम्रा अभिभावक, प्रख्यात शिक्षाविद् तथा वरिष्ठ साहित्यकार श्री तुल्सी थापाको असामयिक निधनको खबरले सिंगो विद्यालय परिवार मर्माहत भएको छ । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै सम्पूर्ण शोक सन्तप्त परिवार जनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं ।
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

# मकवानपुरमा अझै १० प्रतिशत धान रोपाई बाँकी

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ मकवानपुरमा वर्षे धान रोपाइको मौसम सकिदा पनि यस वर्षको रोपाई सकिएको छैन । राम्रो वर्षा नभएको कारण पानीको मुल राम्ररी नफुटेपछि मकवानपुरसहित बागमती प्रदेशमा झण्डै ७ हजार ९५० हेक्टर जमिनमा धान रोपाई बाँकी रहेको छ ।



प्रदेशको कृषि तथा पशुपन्छ विकास मन्त्रालयका अनुसार यहाँको कुल १ लाख १३ हजार ५२३ जमिनमा वर्षे धान हुने गरेकोमा ७ प्रतिशत भूभागमा रोपाई बाँकी रहेको छ । बागमती प्रदेशमा हालसम्म ९३ प्रतिशत रोपाइ सकिएको मन्त्रालयका कृषिअर्थविज्ञ अनुप अधिकारीले बताए । सिंचाइ सुविधा भएका जमिनमा थोरै वर्षा हुँदा पनि नदीको पानी खेतसम्म पुऱ्याउन सहज भएपछि रोपाई सकिएको छ । यि क्षेत्रमा रोपो गोडेर समेत सकिएको छ । तर, जहाँ सिंचाइ सुविधा छैन र वर्षाको भर पर्नुपर्छ ति क्षेत्रमा रोपाई बाँकी रहेको अधिकारीले बताए ।

तथ्यांक अनुसार प्रदेशको रामेछाप जिल्लामा सबैभन्दा कम रोपाई भएको छ । यहाँ हालसम्म ७५ प्रतिशतमात्रै रोपाई सकिएको छ । यसैगरी सिन्धुपाल्चोकमा ८९, काभ्रेपलाञ्चोक र मकवानपुरमा ९० प्रतिशत रोपाई सकिएको छ । सिन्धुली र चितवनमा ९५ र धादिङमा ९६ प्रतिशत रोपाई भएको छ । नुवाकोट र रसुवामा ९९ प्रतिशत रोपाई सकिदा प्रदेशको उपत्यकाको ३ जिल्लामा भने सतप्रतिशत रोपाई सकिएको छ । बागमती प्रदेशमा हालसम्म कुल १ लाख ५ हजार ९६४ हेक्टर जग्गामा रोपाइ सकिएको अधिकारीले बताए । 'कतिपय जमिनमा अझै सिचाइ सुविधा पुऱ्याउन सकिएको छैन, प्रदशे सरकार यसको लागि लागिपरेको छ' अधिकारीले भने ।

रोपाइ सकिएको धानबालीमा रासायनिक मल दिने बेला भएकोले मलको माग पनि बढेको छ । तर, मल बजारमा सहज उपलब्ध नहुँदा किसान आजित छन् । 'रोप्ने बेलामा बल्लबल्ल पाएको मल अब दोहोरो गोड्दाको बेलासम्म अर्को पटक दिनुपर्छ, मल पाउनै समस्या छ' हेटौंडाकी किसान गीतादेबी पौडेलले भनिन् । बागमती प्रदेशमा ९३ हजार ८३ मेट्रिकटन युरिया मलको माग छ । यसैगरी डिएपी मल ३८ हजार ७८५ मेट्रिकटन र पोटास मलको माग २३ हजार २७१ मेट्रिकटन रहेको मन्त्रालयले जनाएको छ । रासायनिक मल प्रयोगलाई कमी गर्दै प्राङगारीक मल प्रयोग बढाउन मन्त्रालयले पहल जारी रहेको बताएको छ ।

बागमती प्रदेशको १३ जिल्लामध्ये चितवन जिल्लामा सबैभन्दा बढी २४ हजार २४७ हेक्टर जमिनमा धानखेती हुन्छ । यसैगरी नुवाकोट, सिन्धुली, धादिङ जिल्लामा ११ हजार ५ सय हेक्टरको हाराहारीमा धानखेती हुन्छ । प्रदेशमा ५ लाख १३ हजार ७१८ हेक्टर खेतीयोग्य जमिनमध्ये १ लाख ५९ हजार ७८२ हेक्टरमा मात्रै सिँचाइ सुविधा छ । यद्यपि ३ लाख ८८ हजार ९८५ हेक्टर जग्गामा विभिन्न प्रकारको खेती भइरहेको प्रदेशको कृषि मन्त्रालयका सूचना अधिकारी कृषि अर्थविज्ञ अधिकारीले बताए ।

# इन्द्रसरोवरको ७९ प्रतिशत वित्तीय प्रगति




साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा ७९.२९ प्रतिशत वित्तीय प्रगति गरेको छ । चालुतर्फ ८४.८६ प्रतिशत र पुँजींगततर्फ ७३.७२ वित्तीय प्रगति भएको प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्कीले जानकारी दिए ।

पालिकाको पाँचवटै वडाको खर्च उपशीर्षकमा ८८.०५ प्रतिशत वित्तीय प्रगति भएको छ । यसअन्तर्गत वडा नम्बर १ मा ८२.२३ प्रतिशत, वडा नम्बर २ मा ९५.७८ प्रतिशत, वडा नम्बर ३ मा ८०.१७ प्रतिशत, वडा नम्बर ४ मा ९६.२२ प्रतिशत र वडा नम्बर ५ मा ८५.८७ प्रतिशत वित्तीय प्रगति भएको प्रमुख प्रशासकीय अधिकृत कार्कीले जानकारी गराए । समीक्षा कार्यक्रमको अवसरमा चालु आर्थिक वर्ष २०८०/८१ मा वित्तीय प्रगतिको लक्ष्य शतप्रतिशत पुऱ्याउने सबै वडाअध्यक्षले प्रतिवद्धता जनाएका छन् ।

गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको सभाध्यक्षमा भएको समीक्षामा गत आर्थिक वर्षमा गाउँपालिकाको विभिन्न शाखाबाट सम्पादन गरिएका कार्यका बारेमा सम्बन्धित शाखा प्रमुखले प्रगतिविवरण प्रस्तुतीकरण गरेका थिए । समीक्षामा गाउँपालिकाले अवलम्बन गरेका असल अभ्यासका बारेमा सहभागी जनप्रतिनिधिले सकारात्मक चासो व्यक्त गरेका थिए ।

पालिकाले असल अभ्यासहरुमा साना टुक्रे खरिदलाई निरुत्साहित गर्दै विद्युत्तीय खरिद प्रणालीलाई प्रश्रय दिइएको, भुक्तानीका लागि चेक राइटिङलाई विस्थापित गर्दै प्रिन्टेड चेकका साथै इलेक्ट्रोनिक फन्ड ट्रान्सफर (इएफटी) लागू गरिएको, वडाबाट सिफारिस प्राप्त गरेपछि आवश्यक कागजात र प्रक्रिया पूरा भएपछि तुरुन्तै भुक्तानी दिने गरिएको, लेखाका श्रेस्तालाई थप व्यवस्थित गरिएको, खरिद कार्यमा सहभागितामूलक प्रक्रिया अवलम्बन गरिएको जस्ता कार्यहरु आर्थिक प्रशासन शाखा प्रमुख सन्तोष बन्जाराको प्रस्तुतीकरणमा समेटिएको थियो ।

त्यसैगरी योजनातर्फ गुणस्तरीयता कायम गर्न पूर्वाधार विकास समितिलाई समेत सक्रिय तुल्याई हरेक चरणमा अनुगमन गरिएको, स्लाब ढलानको थिकनेस मापन गर्न कोरकटिङ मेशिन खरिद गरी सबै योजनाका स्लाब कटिङ गरी थिकनेस मापन गरिएको, निर्माण सामग्रीको गुणस्तरमापन गर्न निर्माणका हरेक चरणमा आधिकारिक प्रयोगशालाबाट ल्याब टेस्ट गर्ने व्यवस्था मिलाइएकोलगायत राम्रा अभ्यास प्राविधिक शाखाप्रमुख बिमल मुक्तानले समीक्षाका क्रममा जानकारी गराए ।

# हेटौंडामा चोरी गर्ने गिरोह काठमाडौंबाट पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ सिन्धुपाल्चोक घर भई काठमाडौं बस्दै आएको एक गिरोहले हेटौंडा उपमहानगरस्थित एक घरबट सुनलगायतका सामग्री चोरी गरेपछि प्रहरीको फन्दामा परेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरलले हेटौंडा-९, लामसुरेधाप स्थित एक घरमा चोरी गर्ने पाँच जनाको गिरोहमध्ये चार जना पक्राउ परेका छन् । मकवानपुरका प्रहरी प्रमुख प्रहरीउपरीक्षक सीताराम रिजालले गिरोहका ४ जना पक्राउ परेको र १ जना अझै फरार रहेको जानकारी दिए ।

प्रहरीले सिन्धुपाल्चोक पाँचपोखरी थाङपाल-७ बस्ने वर्ष २८ वर्षीय भीमलाल लामा, सोही ठाउँ बस्ने २८ वर्षीय प्रदीप तामाङ, २९ वर्षीय आकाश तामाङ, चोरी भएको सुनका गर गहनाहरु खरिद गर्ने सोही गाउँपालिकाको वडा नम्बर ६ घर भई हाल काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-८ स्थित ऋतु सुन पसलका सञ्चालक ३१ वर्षीय राजेन्द्र रसाइली छन ।

उनीहरु काठमाडौंको विभिन्न स्थानबाट पक्राउ परेको र अझै फरार रहेका एकजनाको खोजी भइरहेको मकवानपुरका प्रहरी प्रमुख एसपी रिजालले जानकारी दिए । एसपी रिजालका अनुसार गत ३० साउनमा हेटौंडा-९ लामसुरेधापस्थित सुशिला साउदको घरबाट उनीहरुले सुनको सिक्री डेढ तोलाको एक थान, सुनको बाला एक तोलाको एक थान, सुनको चन्द्रा हार एक तोलाको एक थान, सुनको टप ४ आनाको एक जोडी, सुनको मुन्द्रा २ आनाको एक जोडी, घडी एक थान र नगद ३० हजार रुपैयाँ चोरी गरेका थिए ।



उनीहरु गत साउन २९ गते चार जनाको समूहमा २ वटा मोटरसाइकलमा हेटौंडा आएर दिउँसोको समयमा बन्द रहेको घरहरु रेक्की गर्ने कार्य गरेर हेटौंडा बसपार्कमा बास बसेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । एक रात बसपार्कस्थित होटलमा बास बसेर ३१ साउनमा सुशिलाको घर फोडी चोरी गर्ने उनीहरु पथलैयाबाट बर्दिवास हुँदै काठमाडौं पुगेर चोरी गरेको गरगहना बिक्री गरी बिक्रीबाट आएको रकम एकअर्कामा भाग लगाएको एसपी रिजालले बताए ।

प्रहरीले उनीहरुको साथबाट प्रदेश ०२-०२८ प २४२२ नम्बरको मोटरसाइकल र मोटर साइकलको सवारी दर्ता किताब, ओपो कम्पनीको मोबाइल एक थान, सामसुङ कम्पनीको मोबाइल एक थान, हुवावे कम्पनीको मोबाइल एक थान, आईफोन मोबाइल एक थान, चोरी भएको सुनलाई गाली पगाली बनाएको सुन जस्तो देखिने पहेलो धातुको झुम्का १ जोर, रामबिला पत्थर झुम्का जोर, पानवाला झुम्का १ जोर, सोलीपट १ जोर, धानको बाला झुम्का १ जोर, औठी ४ थान, आधुनिक झुम्का १ जो आयतकार झुम्का १ जोर, पिजडा मुन्द्रा १ जोर र नगद २४ हजार २ सय रुपैयाँ बरामद गरेको छ ।

पक्राउ परेका ४ जनालाई हेटौंडा ल्याएर जिल्ला अदालतबाट ६ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको एसपी रिजालले बताए । उनका अनुसार गिरोहमध्ये एक जना यसअघि मोटर साइकल चोरीमा पनि संलग्न भएको खुलेको छ । उनीहरु ठाउँठाउँमा चोरी गर्ने गरी समूह बनाएर हिँड्ने गरेको रिजालको भनाई छ । 'चोरी गर्ने उद्देश्यले समूह बनाएको रहेछ । चोर्नेदेखि सुनको व्यवस्थापनगर्नेसम्म मान्छेको मिलेमतो छ । समूह बनाएर चोरी गर्दै हिँड्ने गिरोहलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याएका छौं ।', रिजालले भने ।

# बागमतीका प्रदेशप्रमुख र मुख्यमन्त्रीलाई काठमाडौंमा आवास

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/बागमती प्रदेशका प्रदेशप्रमुख र मुख्यमन्त्रीलाई काठमाडौंमा आवाससहितको सम्पर्क कार्यालय तयार भएको छ ।

ललितपुरको भैंसेपाटीमा प्रदेशप्रमुख यादवचन्द्र शर्मा र मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सम्पर्क कार्यालय सञ्चालन गर्न सक्नेछन् । अब प्रशासनिक कार्यहरु गर्न काठमाडौंबाटै सहज भएको छ । यद्यपि, प्रदेशप्रमुख र मुख्यमन्त्रीहरुलाई काठमाडौंमा आवाससहितको सम्पर्क कार्यालय दिने सरकारको योजना विगतमै विवादमा आएको थियो । प्राकृतिक विपतिमा परेकादेखि पानी छेक्ने छानो हाल्न नागरिकले नसकेको अवस्थामा प्रदेशप्रमुख र मुख्यमन्त्रीलाई आवास दिनु ठीक नभएको भन्दै आलोचना सुरु भइसकेको छ ।

बागमतीका प्रदेशप्रमुख शर्मा र मुख्मयन्त्री जम्मकट्टेललाई हेटौंडामा आवासको सुविधा छ । बागमतिसहित सातै प्रदेशका मुख्यमन्त्री र प्रदेशप्रमुखको आवासको निर्माण पूरा भएर आइतबार हस्तान्तरण गरिएको छ । ठेक्का भएको चार वर्षमा आवास निर्माण सम्पन्न भएको हो । हाल अपार्टमेन्टमा बस्दै आएका मुख्यमन्त्री र प्रदेशप्रमुख अब भैंसीपाटी आवासमा बस्ने भएका छन् । विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयका प्रमुख आयोजना निर्देशक मचाकाजी महर्जनले सोमबारबाट मुख्यमन्त्री र प्रदेश प्रमुखहरु सरकारी आवासमा सर्ने बताए ।

पहिले उनीहरुको बासस्थानको व्यवस्थापन संघीय सरकारले गर्दै आएको थियो । भवन बनाएर मुख्यमन्त्री र प्रदेश प्रमुखलाई हस्तान्तरण गरिएकाले अब बासस्थानको व्यवस्थापन सम्बन्धित प्रदेशहरुले नै हेर्ने सहरी विकास मन्त्रालयका प्रवक्ता एवं सहसचिव प्रदीप परियारले बताए । आवाससँगै सुरक्षा भवन, इन्टेरियरलगायत सबैको काम सकिएर आवास हस्तान्तरण गरिएको आयोजनाले जनाएको छ । भैंसेपाटीमा २७ रोपनी १२ आना क्षेत्रमा निर्माण गरिएका ७ वटा भवनमा १४ वटा ब्लक छन् ।

# अपहरणको बहानामा आफैं लुकेर बस्ने प्रजा पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/आफैं लुकिछिपि बसी अपहरणको बहाना बनाउने राक्सिराङ गाउँपालिका-५ का ४६ वर्षीय कुमार प्रजालाई प्रहरीले नियन्त्रणमा लिएको छ । प्रजालाई मकवानपुर प्रहरी आईतवार बिहान ५ बजेको समयमा लुकिरहेको स्थानबाट नियन्त्रणमा लिएको हो ।

प्रजा यही भदौ ३ गते विहानको समयदेखि आफ्नो घरबाट हराइएको र परिवारसँग सर्म्पकविहिन भएका थिए । प्रजा र सोही ठाउँमा बस्ने निर्मल भन्ने सानुबाबु रुम्बाबीचमा आर्थिक लेनदेन रहेको र दुवैजनाबीच वादविवाद भएको थियो । सोही वादविवादका कारण निर्मल भन्ने सानुबाबु रुम्बाले आफ्नो श्रीमान्लाई बेपत्ता पारी अपहरण समेत गरेको हुनसक्ने भन्दै प्रजाकी श्रीमती आईतीमाया चेपाङले श्रीमान्को खोजतलास गरीदिन र रुम्बालाई आवश्यक कारबाही गर्न प्रहरी कार्यालयमा निवेदन दर्ता गराएका थिए ।

इलाका प्रहरी कार्यालय मनहरीले कुमार प्रजाको हुलियाका साथ खोजतलास तथा निजको बारेमा गोप्यरुपमा अनुसन्धान गर्दा श्रीमती र अन्य परिवारका सदस्यहरुसँग निरन्तर टेलिफोन सम्पर्कमा रहेको समेत खुल्न आएको मकवानपुर प्रहरीप्रमुख प्रहरीउपरीक्षक सीताराम रिजालले बताए । प्रहरीले प्रजालाई मनहरी गाउँपालिका-४ नयाँबस्तीस्थित सूर्यबहादुर प्रजाको घरनजिकै रहेको अनुग्रह चर्चमा फेलापारी नियन्त्रणमा लिइएको प्रहरीप्रमुख रिजालले बताए ।

प्रहरीले आफैं घरबाट निस्की लुकीछिपी बसेर अपहरण भएको भनेर किन अफवाह फैलाएको भनि सोधपुछ गर्दा प्रजाले प्रहरीलाई नै अश्लिल शब्द प्रयोग गरी अभद्र व्यवहार गरेको उपरीक्षक रिजालले बताए । प्रजामाथी थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।


## हार्दिक समवेदना



जन्म: २०२५ माघ २८

स्वर्गारोहण: २०८० साउन ३१

स्व. ऋतु प्रधान

यस सितु बचत तथा ऋण सहकारी संस्था लि. का संस्थापक तथा संचालक समितिका सदस्य **ऋतु प्रधान**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

गणेश कुमार श्रेष्ठ (अध्यक्ष) एवम्

**सितु बचत तथा ऋण सहकारी संस्था लि., परिवार**


## राक्सिराङ्ग गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

चैनपुर, मकवानपुर

### ठेक्का स्वीकृति गर्ने आशयको सूचना !

*प्रकाशित मिति: २०८०/०५/११*

यस कार्यालयद्वारा प्रकाशित तपशिलको बोलपत्र आव्हानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरुमध्ये न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिलको बोलपत्र स्वीकृतिको लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

| सि.नं. | ठेक्का विवरण | बोलपत्र दाताको नाम | कबोल रकम (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|
| १. | PRO/RAK/NCB/01–80/81 Chainpur Devitar Pangthali Road Construction Works | Pudasaini Nirman Sewa, Basamadi, Hetauda | रु. ७५,६४,४२२।८९ (अक्षरेपी रु. पच्चहत्तर लाख चौसठ्ठि हजार चार सय बाईस पैसा उन्नानब्बे मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**


## हार्दिक समवेदना



जन्म: २०२५ माघ २८

स्वर्गारोहण: २०८० साउन ३१

स्व. ऋतु प्रधान

यस नेपाल भाषा खल: मकवानपुरका महासचिव **ऋतु प्रधान**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**महेश्वर श्रेष्ठ (अध्यक्ष) एवम्**

**नेपाल भाषा खल: मकवानपुर, परिवार**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना